नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# तीनै प्रतिष्ठानलाई सशक्त बनाइने



नयाँ आर्थिक वर्षको बजेट भाषणमा अर्थमन्त्री डा. युवराज खतिवडाले तीनै प्रज्ञा प्रतिष्ठानलाई गाभ्ने घोषणा गरे पनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले सबै प्रज्ञा प्रतिष्ठानलाई अझ प्रभावशाली र सशक्त बनाएर लैजाने बताएका छन्।

बुधबार नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा आयोजित भेटघाट कार्यक्रममा मन्त्री अधिकारीले तीनै प्रज्ञा प्रतिष्ठानलाई अझ सशक्त बनाउने बताएका हुन्। सो अवसरमा मन्त्री अधिकारीले प्रतिष्ठानको भ्रमण गर्दै प्रतिष्ठानको अवस्था र क्रियाकलापबारे जानकारी लिएका थिए। भेटघाटमा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले सो प्रतिष्ठानका संरक्षक रहेका मन्त्री अधिकारीलाई स्वागत गर्दै प्रतिष्ठानको प्रतीक चिह्न प्रदान गरेका थिए। त्यसै गरी उपकुलपति शम्भुजित बास्कोटाले प्रज्ञा प्रतिष्ठानको संरचना र यसले गरेका विभिन्न कार्यबारे मन्त्री अधिकारीलाई जानकारी गराएका थिए। मन्त्री अधिकारीले सीमित साधन र स्रोतबाट नेपाल प्रतिष्ठानमार्फत धेरै काम भएको भन्दै प्रतिष्ठानका लागि भवन निर्माणमा पहल गर्ने प्रतिबद्धता जनाए।

# सालैजोमा पोखियो प्रेमजोडीको बह



गायक तथा संगीतकार आँसु लामाको गीति अडियो एल्बम *मन त मायासितै* छमा संगृहित *लाँकुरे डाँडा फिरफिरे पात* बोलको सालैजो गीतको म्युजिक भिडियो तयार पारिएको छ।

आँसु लामाको शब्द तथा लय संकलन रहेको गीत गायक रोमन राना मगर र गायिका गीता पाइजा मगरले गाएका छन्। यम गुरुङले निर्देशन तथा कोरियोग्राफी गरेको गीतको म्युजिक भिडियोमा गायक मगर, यम गुरुङ, वीरबल घले र डोल्मा गुरुङले अभिनय गरेका छन्। गीतमा टाढा रहेका प्रेमी र प्रेमीकाले एक अर्कासामु मनको बह पोखेका छन्। गीतको म्युजिक भिडियोलाई वासु बरालले छायांकन तथा विष्णुहरि तिमल्सिनाले सम्पादन गरेका छन्।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.



HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

## बाबु तिमी तुरुन्त सम्पर्कमा आऊ



बाबु **अमन सुतार कार्की** तिमी जहाँ भए पनि तुरुन्त सम्पर्कमा आऊ। तिमी लामो समयसम्म सम्पर्कविहीन हुँदा परिवारमा निकै तनाव भएको छ। अमनलाई जो जसले देखे वा भेटेमा घर परिवार तथा सम्बन्धित निकायमा खबर गरी सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

**बुबाः मानबहादुर सुतार क्षेत्री**
**सम्पर्क**
९८४१२०८५०५
९८१३९४५८६३
धुलिखेल नपा ७, काभ्रे

## विज्ञापन रकम भुक्तानीबारे

## अत्यन्त जरुरी सूचना

यस कामना न्युज पब्लिकेसन्स प्रा. लि. द्वारा प्रकाशित लोकप्रिय राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, कामना र साधनामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापन दाताहरुले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही मिति २०७५ असार २९ गतेसम्म भुक्तानी गर्न हुन सूचित गरिन्छ। यदि कुनै विज्ञापन दाताको हिसाब मिलान गर्न बाँकी रहेमा २०७५ असार २५ गते यस संस्थाको लेखा शाखामा उपस्थित भई हर-हिसाब मिलान गर्न सूचित गरिन्छ। तोकिएको मितिभित्र हिसाब मिलान नगरेमा संस्थाको हिसाबलाई नै अन्तिम मानिने छ।

साथै माथि उल्लेखित मितिभित्र भुक्तानी र हर-हिसाब मिलान नगरिएमा यस संस्थाबाट दिइँदै आएको सुविधा दिन बाध्य नहुने व्यहोरासमेत यसै सूचनामार्फत जानकारी गराइन्छ।

लेखा शाखा
**कामना न्युज पब्लिकेसन्स् प्रा.लि**
**भीमसेनस्थान, काठमाडौं**
**फोन नं. ०१ - ४२६११७९**
nsprevenue@gmail.com
www.newsofnepal.com

हार्डवेयर पसल र सप्लायर्सहरुका लागि मात्र
रू. ३००० मा
३ वर्ष
मौकाको फाइदा उठाउनुहोला
नेपाल समाचारपत्र

माथि अंकित गरिएका लोगोयुक्त कम्पनीहरूबाट उत्पादित वस्तुको विक्रेताहरुका लागि मात्र यो योजना लागू हुनेछ।
ग्राहक बन्नका लागि नजिकको वितरण केन्द्रमा सम्पर्क गर्नुहोला।
यो योजना २०७५ असार २५ गतेसम्मका लागि मात्र लागू हुनेछ।

KALIMATI ROUTE 98511 29457
JHOCHEEN ROUTE 98510 93762
KAMAL POKHARI ROUTE 9860 007 570
GAUSHALA ROUTE 9843 337 052
BHAKTAPUR ROUTE 9841 585 321
PATAN ROUTE 9840 098 208
OFFICE 98510 69830, 01-4261179

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ